# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २६, २०८२ मंसिर

## महासंघको परिचय:

राष्ट्रिय बहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, विश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन
# “बहिरा आवाज”

वर्ष -०३ अंक- २६, २०८२ मंसिर


## यस अंक भित्रः

**विषय-सूची** | **पेज**


१. अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक सूचना तथा सञ्चारमा अवस्था, आवश्यकता तथा पहुँच सम्बन्धी गोष्ठी सम्पन्न - २
२. SCOPE for SRHR परियोजना साझेदार संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई परियोजनाको अभिमुखिकरण सम्पन्न - ३
३. अपाङ्गता समावेशी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन मस्यौदा माथि सुझाव संकलन गोष्ठी सम्पन्न - ४
४. बहिरा युवाहरुका लागि ट्रेकिङ्ग गाईड तालिम सम्पन्न - ५
५. बहिरा युवाहरूका लागि ट्रेकिङ गाइड तालिम सम्बन्धी अनुभव आदान–प्रदान कार्यक्रम सम्पन्न - ६
६. बहिरा व्यक्तिहरुको लागी बरिस्ता तथा बेकरी तालिम सम्पन्न - ७
७. बाँके-बर्दियाका बहिरा युवाका लागि हस्तकला तालिम सम्पन्न - ७
८. अपाङ्गता भएका व्यक्तिहरूको ३४ औँ अन्तर्राष्ट्रिय दिवस-२०२५ सम्पन्न - ८
९. विश्व अपाङ्गता शिखर सम्मेलनको समिक्षा कार्यक्रम २०२५ सफलतापूर्वक सम्पन्न - ९
१०. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण - ९
११.अपाङ्गता संवाद टेलिभजन कार्यक्रम - १०


**विविध**


१२.बाग्लुङ्ग बहिरा संघको अधिवेशन सम्पन्न - ११
१३. महासंघ द्वारा समबेदना ब्यक्त - ११


## १. अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक सूचना तथा सञ्चारमा अवस्था, आवश्यकता तथा पहुँच सम्बन्धी गोष्ठी सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल, अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल, श्रवणदृष्टि विहीन अभिभावक समाज नेपाल र राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपालको संयुक्त आयोजना तथा अपाङ्गता अधिकार कोषको सहयोगमा "अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक सूचना तथा सञ्चारमा पहुँच सम्बन्धी अवस्था तथा आवश्यकता" सम्बन्धि गोष्ठी सम्पन्न भएको छ। मिति २०८२ मङ्सिर ०५ गते काठमाडौँमा सम्पन्न गोष्ठीमा अपाङ्गता भएका व्यक्तिले सार्वजनिक सूचना तथा संचारमा पहुँचको

अवस्था एवं भोग्दै आएका समस्या तथा चुनौतीका बारेमा सरोकारवालाहरु बीच गम्भीर छलफल गरिएको थियो । सार्वजनिक सूचना प्रणाली, सरकारी कार्यालयका वेबसाइट, टेलिभिजन तथा डिजिटल माध्यम अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता अनुरुप पहुँचयुक्त बनेका छैनन् । उक्त छलफलमा अपाङ्गता भएका व्यक्तिका संघ/संस्थाहरुबाट प्रतिनिधि सरकारी निकायका प्रतिनिधि ४४ जना उपस्थित रहेको थियो ।


कार्यक्रमका सहभागीहरु प्रस्तुतीकरणतर्फ ध्यान केन्द्रित गर्दै

अपाङ्गता भएका व्यक्तिहरुले सार्वजनिक सुचना तथा संचारमा पहुँच अभिवृद्धि गर्नका लागि राष्ट्रिय बहिरा महासंघ नेपालले अपाङ्गता भएका संस्थाहरुसंग सहकार्य एवं सरकारी निकायहरुसंग निरन्तर वकालत पैरवी कार्य गर्दै आईरहेको छ । गोष्ठीमा राष्ट्रिय बहिरा महासंघका महासचिव श्री सिताराम ओझाले प्रस्तुती गर्दै सरकारी कार्यालयहरुले प्रकाशित गर्ने सूचना ठुलो छापामा नहुनु, युनिकोड फन्टको प्रयोगमा कमी, वेबसाइटहरु पहुँचयुक्त नहुनु, सूचना पाटीहरु पहुँचयुक्त नहुनु, भिडियो सामग्रीमा क्याप्सन र साङ्केतिक भाषा दोभाषेको प्रयोगमा कमि देखिनु, डिजिटल बोर्डहरु पहुँचयुक्त नहुनु, टेलिभिजनमा दोभाषेहरुलाई सानो स्क्रिनमा देखाउनु लगायतका कारणले अपाङ्गता भएका व्यक्तिहरु सार्वजनिक सूचना तथा सञ्चारको पहुँचबाट टाढा रहेको चर्चा गर्नुभएको थियो । कार्यक्रममा संचार तथा सूचना प्रविधि मन्त्रालयका उप-सचिव ममता बास्तोलाले मन्त्रालयले मन्त्रिपरिषद्का निर्णयहरु साङ्केतिक भाषामा प्रशारण गरिरहेको र सूचना तथा संचारमा समान पहुँच मन्त्रालयको प्राथमिकताको विषय भएकोले समावेशी सूचनाप्रवाहका लागि निरन्तर कार्यक्रम विस्तार गर्दै गईरहेको छ बताउनुभयो । कार्यक्रमका सहभागीहरुले सरकारी कार्यालयहरुले गुनासो सुनुवाई प्रणालीलाई अपाङ्गतामैत्री बनाउनु पर्ने, कर्मचारीहरुलाई संचार सम्बन्धी संवेदनशील हुन अपाङ्गता भएका व्यक्तिहरूलाई संचार सम्बन्धी तालिम दिनुपर्ने, सूचना तथा संचार सम्बन्धी निति बनाउँदा अपाङ्गता भएका व्यक्तिहरुको संस्थाहरुको सहभागिता सुनिश्चित गर्नुपर्ने लगायतका सुझाब दिएका थिए ।
आउटलाइन खबरबाट साभार गरिएको यहाँ हेर्नुहोस् ।

## २. SCOPE for SRHR परियोजना साझेदार संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई परियोजनाको अभिमुखिकरण सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजनामा "अपाङ्गता भएका व्यक्तिको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारको दायरा सम्बन्धी परियोजनामा (SCOPE for SRHR) सहकार्य गर्ने संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई परियोजनाको ४ दिने अभिमुखिकरण सम्बन्धी कार्यक्रम मिति २०८२ मङ्सिर ७ देखि ११ गते सम्म थानकोटको पातलेवन रिसोर्टमा सम्पन्न भएको थियो । उक्त अभिमुखीकरण कार्यक्रममा परियोजना कार्यान्वयनमा सहकार्य गर्ने संस्थाहरु श्रवणदृष्टि विहीन अभिभावक समाज, अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल, नेत्रहीन युवा संघ नेपाल र परियोजनाको नेतृत्व गर्ने राष्ट्रिय बहिरा महासंघ नेपालको

तर्फबाट पदाधिकारी र कर्मचारी गरी २४ जनाको सहभागिता रहेको थियो। परियोजना कार्यान्वयन गर्नु पुर्व संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई परियोजना, कार्ययोजना निर्माण गर्ने, कार्यान्वयन गर्ने, प्रगति प्रतिबेदन, आपसी सहकार्यका लागि आ-आफ्नो जिम्मेवारी र भूमिकाबारे विस्तृत जानकारी सहित समबुझाई बिकास गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो। अभिमुखीकरण कार्यक्रममा सहकार्य गर्ने सबै संस्थाका पदाधिकारीहरूले आ-आफ्नो संस्थाको परिचय, उद्देश्य, संस्थागत संरचना र संस्थागत गतिविधि बारेमा जानकारी गराउनु भएको थियो। राष्ट्रिय बहिरा महासंघ नेपालका महाचिव सिताराम ओझाले अपाङ्गताको परिचय एवं वर्गीकरण, नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्यका विषयमा नीतिगत व्यवस्था, चुनौती तथा आगामी प्राथमिकताका विषयमा अभिमुखीकरण गर्नु भएको थियो। आगामी ३ वर्षसम्म परोयोजना अन्तर्गत काठमान्डौ, रुपन्देही र धनुषामा संचालन गरिने क्रियाकलापहरु के-कसरी कार्यन्वयन गर्ने भन्ने योजनामा समेत छलफल गरिएको थियो। अभिमुखीकरणका क्रममा स्थानीय, प्रादेशिक तथा संघीय स्तरमा रहेका सरोकारवालाहरूको पहिचान गर्दै आवश्यक नीति तथा कार्यक्रमहरुमा संलग्नता तथा सहकार्य रणनीति समेत विकास गरिएको छ। यस परियोजनाको वकालत योजना र दिगोपन, योजना निर्माण, सम्पर्क व्यक्ति र सञ्चार माध्यमसंगको सहकार्य, परियोजनाको प्रगति प्रतिवेदनका लागी आवश्यक तयारी र समय निर्धारण, आर्थिक प्रतिवेदनका लागी आवश्यक पर्ने दस्तावेजीकरणहरु, परियोजनाको माइलस्टोन, डेटा स्रोत र यसलाई प्राप्त गर्ने श्रोतहरूका विषयमा समेत अभिमुखीकरण गरिएको छ। अभिमुखिकरणका क्रममा माथि उल्लेख गरिएका विषयवस्तुले परियोजनाको प्रभावकारी कार्यान्वयनका लागी स्पष्ट खाका तयार भएककोले यसले परियोजना सफलतापुर्वक सम्पन्न हुने बिश्वास महासंघले राखेको छ।


*अभिमुखीकरणका सहभागीहरु माझ*

## ३. अपाङ्गता समावेशी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन मस्यौदा माथि सुझाव संकलन गोष्ठी सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल, अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल, श्रवणदृष्टि विहीन अभिभावक समाज नेपाल र राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपालको संयुक्त आयोजना तथा अपाङ्गता अधिकार कोषको सहकार्यमा "अपाङ्गता समावेशी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन मस्यौदा माथि सुझाव संकलन गोष्ठी" काठमाडौंमा मिति २०८२ मंसिर २९ गते सम्पन्न भएको छ। कार्यक्रममा अपाङ्गता अधिकारकर्मी एवं विज्ञ डा.वीरेन्द्रराज पोखरेलले अध्ययन प्रतिवेदनको मस्यौदा प्रतिवेदन प्रस्तुत गर्दै ऐनमा अपाङ्गता भएका व्यक्तिको अधिकार, पहुँच उचित सहजीकरण, साङ्केतिक भाषा, ब्रेल लिपि, वैकल्पिक सञ्चारजस्ता विषय स्पष्ट रूपमा परिभाषित हुनुपर्नेमा जोड दिनुभएको थियो। उक्त गोष्ठीमा अपाङ्गता भएका व्यक्तिहरूका संघ संस्था र सरकारी निकायका प्रतिनिधि गरी ६८ जना उपस्थित रहेको थियो। संयुक्त राष्ट्रसंघीय अपाङ्गता

अधिकारसम्बन्धी महासन्धिका विभिन्न धाराहरूको आधारमा बहिरा व्यक्तिहरूलाई स्वास्थ्य समस्या वा कमजोरीको दृष्टिले मात्र नभई आफ्नै भाषा (साङ्केतिक भाषा), संस्कृति र पहिचान भएका नागरिकको रूपमा बुझ्नुपर्ने धारणा प्रस्तुत गरिएको छ । अध्ययनले सीआरपीडीका विभिन्न धाराहरू (धारा २, ५, ९, ११, २१, २४, २७, २९ र ३०) को सन्दर्भमा साङ्केतिक भाषालाई मान्यता दिन, सूचना र सञ्चारमा पहुँच, आपतकालीन अवस्थामा सुरक्षा, शिक्षा, रोजगारी, राजनीतिक र सांस्कृतिक सहभागिताको अधिकारलाई स्पष्ट रूपमा उजागर गरेको छ ।


सहभागीहरु माझ प्रशिक्षण दिनुहुदै

यसका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई अपाङ्गता समावेशी दृष्टिले विश्लेषण गर्दा ऐन अझै संरक्षणमुखी र सामान्य रहेको निष्कर्षमा पुगेको छ । ग्रामीण क्षेत्रमा बहिरा समुदायबीच साङ्केतिक भाषाको प्रयोग र प्रवर्धन, नीति निर्माणदेखि कार्यान्वयनसम्म अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, स्थानीय तहका विपद् व्यवस्थापन समिति र कार्यटोलीहरूमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य समावेशीकरण, जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिको पहिचान र वर्गीकृत तथ्यांक तयार गर्नु, प्रारम्भिक चेतावनी प्रणालीमा दृश्य संकेत, क्याप्सन र साङ्केतिक भाषाको प्रयोग अनिवार्य गर्नु जस्ता विषयहरूमा सुझाव दिइएको छ । सरकारले पारित गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना, २०८१ सकारात्मक कदम भएपनि बहिरा समुदायको सञ्चार, भाषा र सांस्कृतिक जोखिमलाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको निष्कर्ष निकालिएको थियो । कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसीले सरकारी कार्यालय, शैक्षिक संस्था, अन्य रोजगार दाता, अस्पताल, अदालत, प्रहरी कार्यालय, सार्वजनिक कार्यक्रम एवं सूचनामा सुनाइ सम्बन्धी अपाङ्गता भएका नागरिकको पहुँच सुनिश्चित गर्न व्यावसायिक दोभाषेको व्यवस्था गर्नुपर्ने बताएका थिए ।

आउटलाइन खबरबाट साभार गरिएको यहाँ हेर्नुहोस् ।

रातोपाटीबाट साभार गरिएको यहाँ हेर्नुहोस् ।

## ४. बहिरा युवाहरुका लागि ट्रेकिङ्ग गाईड तालिम सम्पन्न

नेपाल पर्यटन बोर्ड तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) सँगको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपालले "नेपालको पर्यटन दिगो पर्यटन" अन्तर्गत नेपालको समावेशी पर्यटनका लागि बहिरा व्यक्तिको सीप र उद्यमशीलता विकास परियोजना संचालन गरेको थियो । उक्त परियोजनाअन्तर्गत महासंघले नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँगको साझेदारीमा २५ जना बहिरा युवाहरूका लागि ३५ दिने ट्रेकिङ गाइड तालिम सञ्चालन गरेको थियो । तालिमको क्रममा मिति २०८२ मंसिर १८ र १९ गते दुई दिने विशेष कार्यक्रममार्फत सम्पन्न भएको छ । यस तालिम कार्यक्रममा सहभागीहरूलाई व्यावहारिक/प्रयोगात्मक सिकाइमा आधारित विभिन्न विषयमा सैदान्तिक कक्षा, फिल्डमा आधारित सिकाइका लागी वाल क्लाइम्बिङ तथा झोर,सूर्यचौर हुँदै ककनीसम्मको दुई दिने पदयात्रा गराइएको थियो ।




सामुहिक तस्बिर

उक्त दुई दिने पदयात्राका क्रममा बृहत सरसफाई र क्याम्प व्यवस्थापन कार्यक्रमले थप प्रभावकारी भएको सहभागीले जनाएक थिए । तालिमले सहभागी बहिरा युवाहरूको व्यावहारिक सीप, आत्मविश्वास र आत्मनिर्भरता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको थियो । समावेशी पर्यटनको विकासमार्फत बहिरा व्यक्तिहरूलाई रोजगारी र उद्यमशीलतामा जोड्ने उद्देश्यका साथ यस्ता कार्यक्रमहरू निरन्तर अघि बढाइने बताइएको छ ।

## ५. बहिरा युवाहरूका लागि ट्रेकिङ गाइड तालिम सम्बन्धी अनुभव आदान–प्रदान कार्यक्रम सम्पन्न

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजनाको सहयोगमा राष्ट्रिय बहिरा महासंघ नेपालद्वारा पहिलो पटक नेपालमा समावेशी पर्यटन प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्ने उद्देश्यसहित बहिरा युवाहरूका लागि सञ्चालन गरिएको ट्रेकिङ गाइड तालिम सम्बन्धी अनुभव आदान-प्रदान कार्यक्रम ३४ औँ अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसको अवसरमा सफलतापूर्वक मिति २०८२ मंसिर १७ गते काठमाडौँमा सम्पन्न भएको छ । कार्यक्रममा बहिरा युवाहरूको क्षमता विकास, सीप अभिवृद्धि तथा पर्यटन क्षेत्रमा उनीहरूको पहुँच र सहभागिता बढाउन ट्रेकिङ गाइड तालिमले पुऱ्याएको योगदानबारे सहभागीहरूले आफ्ना सिकाइ, चुनौती र सफल अनुभवहरू साझा गरेका थिए । उक्त तालिमले बहिरा युवाहरूलाई आत्मनिर्भर बनाउँदै सम्मानजनक रोजगारीका अवसर सिर्जना गर्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरिएको छ । राष्ट्रिय बहिरा महासंघ नेपालले समावेशी पर्यटनलाई संस्थागत गर्दै बहिरा समुदायका युवाहरूलाई पर्यटन क्षेत्रमार्फत रोजगारी, उद्यमशीलता र सामाजिक समावेशीकरणतर्फ अघि बढाउने आफ्नो प्रतिबद्धता



सामुहिक तस्बिर

दोहोऱ्याएको छ। कार्यक्रममा नेपाल पर्यटन बोर्ड, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, दिगो पर्यटन परियोजना, सरोकारवाला निकायहरू, प्रशिक्षार्थी बहिरा युवाहरू तथा अन्य अतिथिहरूको सहभागिता रहेको थियो।

### ६. बहिरा व्यक्तिहरुको लागी बरिस्ता तथा बेकरी तालिम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना तथा नेपाल पर्यटन बोर्ड, राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र कोथिना मिठो छ स्कुल अफ हस्पिटालिटीको संयुक्त साझेदारीमा २० जना बहिरा व्यक्तिहरुलाई २१ दिने बरिस्ता तथा बेकरी तालिम मंसिर ९ गते काठमाण्डौमा सम्पन्न भएको छ। यस तालिमको मुख्य उद्देश्य बहिरा युवाहरुको क्षमता बिकास गरी स्वरोजगार तथा रोजगारीको अवसर सृजना गर्नु रहेको छ। तालिमले उनीहरूलाई व्यावसायिक दक्षता, ग्राहक सेवा, उत्पादन तयारी र बजारीकरण सम्बन्धी ज्ञान प्रदान गरेको छ। यसले बहिरा व्यक्तिहरुलाई पनि समाजमा आत्मनिर्भर र आर्थिक रूपमा सशक्त बन्न मद्दत गर्ने अपेक्षा गरिएको छ।




सामुहिक तस्बिर

आउटलाइन खबरबाट साभार गरिएको यहाँ हेर्नुहोस्।

### ७. बाँके-बर्दियाका बहिरा युवाका लागि हस्तकला तालिम सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपालको आयोजना एवम् नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा १५ जना बहिरा युवाहरुलाई उद्यमशील बनाउन १५ दिने छवाली आर्ट (हस्तकला) तालिम कृषि व्यवसाय प्रवर्धन तथा तालिम केन्द्र खजुरा बाँकेमा मिति २०८२ मंसिर १२ गते बाँकेमा सम्पन्न भएको छ। तालिम समापन कार्यक्रममा प्रमुख अतिथि कृषि व्यवसाय प्रवर्धन तथा तालिम केन्द्रका प्रमुख श्रीधर ज्ञवालीले सिकेको सीपलाई व्यवहारमा उतार्न, समावेशी पर्यटन प्रबर्द्धनका लागि योगदान गर्न आग्रह गर्नुभएको थियो। नेपाल पत्रकार महासघं बाँकेका अध्यक्ष नवीन गिरीले जीवनोपयोगी सीपमूलक तालिमले बहिरा व्यक्तिहरूको आत्मनिर्भरतामा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएकको थियो र उत्पादित सामग्रीको बजारीकरणमा मिडियाको साथ रहने




सामुहिक तस्बिर

बताउनुभयो। राष्ट्रिय बहिरा महासङ्घ नेपालका अध्यक्ष सन्तोष केसीले कृषिमा खेर गइरहेका वस्तुहरूको सदुपयोग गरेर सीप प्रवर्धन गर्दै बहिरा युवाहरूको आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले तालिमको आयोजना गरिएको बताउनु भयो। छवाली आर्टको विदेशमा उच्च माग रहेको साथै बाँके राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जको पर्यटन प्रवद्धनार्थ प्रचारप्रसार गर्ने उद्देश्य पनि रहेको बताउनुभयो। कार्यक्रममा अध्यक्ष केसीले आगामी दिनमा सातै प्रदेशमा यस प्रकारको तालिम सञ्चालन गर्ने लक्ष्य महासंघले राखेको जनाउनु भयो।

रेडियो नेपालबाट साभार गरिएको यहाँ हेर्नुहोस्।

## ८. अपाङ्गता भएका व्यक्तिहरूको ३४ औँ अन्तर्राष्ट्रिय दिवस-२०२५ सम्पन्न

अपाङ्गता भएका व्यक्तिहरूको ३४ औँ अन्तर्राष्ट्रिय दिवस २०८२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाज कल्याण परिषद, राष्ट्रिय अपाङ्ग कोष, काठमाडौं महानगरपालिका, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल एवं अपाङ्गता भएका संघसंस्थाहरुको संयुक्त आयोजनामा विभिन्न कार्यक्रमहरू गरी दिवस भव्य रूपमा मनाइयो। अपाङ्गता भएका व्यक्तिहरूको ३४ औँ अन्तर्राष्ट्रिय दिवसको अवसरमा २०२५ डिसेम्बर ३ गते भृकुटीमण्डपमा आयोजित मूल समारोह सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री श्री जगदीश खरेलको प्रमुख आतिथ्यता तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका संघीय अध्यक्ष श्री देवीदत्त आचार्यको संयोजकत्वमा सम्पन्न भएको थियो।


*मूल समारोहमा उद्धाटन गर्नुहुदै, सूचना तथा संचार मन्त्री*

खुला मञ्चबाट सुरु भएको प्रभातफेरी भृकुटीमण्डप बगैँचामा आएर मुख्य समारोहमा परिणत भएको थियो। समारोहलाई सम्बोधन गर्दै मन्त्री खरेलले अपाङ्गता मैत्री सूचना तथा प्रविधिको विकास, नीतिगत सुधार र व्यवहारिक अनुभूति हुने कार्यक्रमहरू महासंघसँग सहकार्यमा अघि बढाइने स्पष्ट प्रतिबद्धता व्यक्त गर्नुभयो। दिवसको अवसरमा अपाङ्गता अधिकार अभिवृद्धि तथा समावेशी विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्वहरू, साथै महासंघमा लामो समयदेखि समर्पित रूपमा कार्यरत कर्मचारीहरूलाई मूल आयोजक समूहबाट सम्मानपत्र प्रदान गरिएको थियो। जसमध्ये बहिरा क्षेत्रबाट राष्ट्रिय बहिरा महासंघ नेपालको महासचिव सिताराम ओझालाई बहिरा क्षेत्रमा उल्लेखनीय योगदानको कदर र भरतपुर महानगरपालिकामा कार्यरत बिकास घिमिरेलाई लामो समय निजामती सेवामा उल्लेखनीय योगदानको कदर गर्दै सम्मान गरिएको थियो। राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के. सी. ले अपाङ्गता समावेशी विकासलाई अझै सुदृढ बनाउँदै अघि बढ्न सबै पक्षको निरन्तर क्रियाशीलता र सहकार्य आवश्यक रहेकोमा जोड दिनुभएको थियो।

NDFN 1995

# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २६, २०८२ मंसिर

## ९. विश्व अपाङ्गता शिखर सम्मेलनको समिक्षा कार्यक्रम २०२५ सफलतापूर्वक सम्पन्न

राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्वमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अपाङ्गता भएका व्यक्तिहरूका संघ संस्थाहरू, विकास साझेदारहरू तथा विभिन्न सरकारी निकायहरूको सहभागितामा विश्व अपाङ्गता शिखर सम्मेलन समिक्षा कार्यक्रम (Post Global Disability Symposium) २०२५ मिति २०८२ मंसिर २३ गते काठमाडौंमा सम्पन्न भएको छ। राष्ट्रिय संवादले सन् २०२५ अप्रिल ३ मा जारी गरिएको अम्मान–बर्लिन घोषणापत्रलाई आन्तरिकिकरण गर्दै अपाङ्गता समावेशी विकासप्रति नेपालको प्रतिबद्धतालाई अघि बढाउन सशक्त सहकार्यको वातावरण सिर्जना गरेको छ। कार्यक्रम मार्फत पहुँचयुक्तता, समावेशी शिक्षा, अपाङ्गता सम्बन्धी तथ्यांक, रोजगारी, स्वास्थ्य तथा पुनर्स्थापना, खानेपानी–सरसफाइ, विपद् जोखिम न्यूनीकरण तथा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुदृढ गर्ने उद्देश्यका साथ “काठमाडौंमा आह्वान कार्ययोजना (Kathmandu Call for Action)” सफलतापूर्वक सम्पन्न भएको थियो।




*कार्यक्रममा प्रस्तुतीकरण गर्नुहुदै महासंघका अध्यक्ष*

कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालले साङ्केतिक भाषा अधिकार, साङ्केतिक भाषा दोभाषे सेवाको आवश्यकता तथा पहुँच सम्बन्धी विषयमा विशेष प्रस्तुति प्रस्तुत गरेको थियो। उक्त प्रस्तुतिमा बहिरा समुदायका लागि सूचना तथा सञ्चारमा समान पहुँच सुनिश्चित गर्न दोभाषे सेवाको संस्थागत व्यवस्था, नीति तथा व्यवहारिक कार्यान्वयनको आवश्यकता जोड दिइएको थियो। उक्त कार्यक्रममा कार्यक्रमस्थलमा अपाङ्गता भएका संघ संस्थाले आ-आफ्ना प्रकाशनहरू प्रदर्शन गर्नका लागि छुट्टै स्टल समेत राखेको थियो। उक्त स्टलमार्फत बहिरा समुदायका अधिकार, साङ्केतिक भाषा, समावेशी पहुँच तथा महासंघका गतिविधिसँग सम्बन्धित विभिन्न सामग्रीहरू सहभागीहरूका लागि अवलोकन तथा जानकारीका लागि उपलब्ध गराइएको थियो।




*प्यानल छलफल*

## १०. विभिन्न विषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले एबिलिस फाउन्डेसनको सहयोगमा बहिरा समुदायको सूचना र सञ्चार तथा डिजिटल प्रविधिमा पहुँच अभिवृद्धि परियोजना अन्तर्गत २०२५ मा आरम्भ गरेको साङ्केतिक भाषाको भिडियो निर्माण कार्यले निरन्तरता पाइरहेको छ। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक तथा उत्पादनमुलक, सहभागितामुलक भिडियो सामग्रीहरु पहुँचयुक्त ढाँचामा उत्पादन र प्रसारण गरिएको छ। मंसिर महिनामा निर्माण गरिएका जानकारीमुलक केही भिडियो तल हेर्नुहोस्।

१. "अनलाइन हिंसा, सावधानीका उपाय र कानुनी उपचार" भन्ने बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।

२. " जेन जी (Gen Z) पुस्ताको आन्दोलन किन भयो? भन्ने बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
३. "अनलाइन सट्टेबाजी (Online Betting)" सम्बन्धी जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
४. "१६ दिने लैङ्गिक हिंसा बिरुद्धको अभियान लैङ्गिक समानताका लागि साझा आन्दोलन" बारे भिडियो यहाँ हेर्नुहोस्।
५. "बाल भिटाले खानालाई बनाउँछ पोषिलो बालबालिका हुन्छन् चनाखो र दरिलो" बारे भिडियो यहाँ हेर्नुहोस्।

## ११. अपाङ्गता संवाद टेलिभजन कार्यक्रम

राष्ट्रिय बहिरा महासंघ नेपालले अपाङ्गता अधिकार कोषको सहयोगमा गत वर्ष देखि नै अपाङ्गता अधिकार, अवस्था तथा आवश्यकता सम्बन्धमा अपाङ्गता संवाद कार्यक्रम सन्चालन गर्दै आएको छ। अपाङ्गता संवाद कार्यक्रममा बिभिन्न प्रकृतिका अपाङ्गताका क्षेत्रमा कार्यरत अभियानकर्ता, सरकारी निकाय एवं सरोकारवालासंग अन्तर्वार्ता एवं अपाङ्गता सम्बन्धमा आयोजित बिभिन्न कार्यक्रम समेटेर सगरमाथा टेलिभजनबाट हरेक हप्ता सांझ ६:३० देखि ७:०० बजेसम्म प्रशारण गर्ने गरिएको छ। हाल सम्म अपाङ्गताका बिभिन्न सवालमा तपशील बमोजिमका १७ वटा टेलिभिजन कार्यक्रम तयार गरी प्रशारण गरिएको छ।
सगरमाथा टेलिभिजन कार्यक्रम तल उल्लेखित लिंकमा हेर्न सकिन्छ।

१. अपाङगता भएका महिलाको सशक्तिकरण कसरी हुन्छ ? अधिकारकर्मी मीना पौडेलसँगको अपाङ्गता संवाद भिडियो यहाँ हेर्नुहोस्।
२. अपाङ्गता भएका महिलाहरुको महासङ्घ नेपालकी महासचिव रमा ढकाल सङ्गको अपाङ्गता संवाद भिडियो यहाँ हेर्न सक्नुहुनेछ।
३. बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका पुर्ब अध्यक्ष राजु बस्नेत सङ्गको अपाङ्गता संवाद भिडियो यहाँ हेर्न सक्नुहुनेछ।

# विविध

## १२. बाग्लुङ बहिरा संघको अधिवेशन सम्पन्न



नवनिर्वाचित कार्यसमिति सदस्यहरु

मिति २०८२ मंसिर ०६ गते सम्पन्न बाग्लुङ्ग बहिरा विकास संघ, बाग्लुङको रजत जयन्ती तथा २५ औँ वार्षिक साधारण सभा एवम् १० औँ अधिवेशनबाट अमृत शर्माको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति निर्वाचित भएको छ । नयाँ कार्यसमितिमा सचिव - बासु थकाली, सहसचिव - सागर पौडेल, कोषाध्यक्ष - टेकनाथ आचार्य तथा सदस्यहरुमा सुजन जिसी, बबिता परियार, पुजा बोसेल र नारायण श्रीश निर्वाचित भएका छन् ।

## १३. महासंघद्वारा समबेदना व्यक्त

राष्ट्रिय बहिरा महासंघ नेपालको पूर्व निर्देशक श्री निर्मल देवकोटाको पूजनीय ममतामयी आमा स्व. श्री मिथिला देवकोटाको असामयिक देहावसान भएकोमा राष्ट्रिय बहिरा महासंघ नेपाल तथा बहिरा समुदाय मर्माहत भएको छ | १९९८ जेस्ठ १० गते जन्मनुभेएकी श्री निर्मल देवकोटाको पूजनीय ममतामयी आमा स्व. श्री मिथिला देवकोटाको निधन ८४ वर्षको उमेरमा मिति २०८२ कार्तिक ३० गते भएको थियो | यस दु:खद घडीमा महासंघले शोकाकुल परिवारजनको घरमा पुगी मृतआत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामनासहित समवेदना व्यक्त गरेको थियो ।


समबेदना पत्र हस्तान्तरण गर्दै

**हाम्रा साझेदार संस्थाहरु :-**




"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

